विष्णुपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

## किसान सूचीकरण सहजकर्ता पदपूर्ति सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८३/०२/१३

विष्णुपुर गाउँपालिकामा निम्न बमोजिमको पदहरुको लागि घरधुरी तथ्याँक संकलनको आधारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले ७ (सात) दिन भित्र आवश्यक कागजातहरु र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | काम गर्ने अवधि | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | कि.सु.का./२०८२/०८३ | किसान सूचिकरण सहजकर्ता | २०८३ आषाढ मसान्त | ५ (पाँच) | ४००/- |

आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(१) किसान सूचिकरण सहजकर्ता : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट १२ कक्षा वा सो सरह उतिर्ण गरेको, मान्यता प्राप्त शैक्षिक संस्थानबाट कम्तिमा ३ महिनाको आधारभूत कम्प्यूटर तालिम प्राप्त गरेको ।

नोटः *सूचना प्रविधि सम्बन्धी ज्ञान तथा अनुभव भएकोलाई प्राथमिकता दिईने छ ।*

दरखास्त दिने स्थान : विष्णुपुर गाउँपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी ।

दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन कार्यालय समय भित्र, सो दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोली पल्ट कार्यालय खुलेको दिन ।

आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी ।

(क) कार्यालयबाट उपलब्ध आवेदन फाराम ।
(ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
(ग) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।
(घ) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो -२ प्रति ।
(ङ) परिक्षा दस्तुर तिरेको नगदी रसिद ।

परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन तथा अन्तरवार्ता परिक्षा ।

तलब तथा सेवा सुविधा तथा उमेरको हद : प्रचलित कानून बमोजिम तलब तथा सेवा सुविधा पाउने छ । उमेरको हकमा पुरुष १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

दरखास्त दस्तुर : विष्णुपुर गा.पा.को आन्तरिक राजश्व खाता नं. 2332050029509002 एन.आई.सि. एसिया बैंकमा जम्मा गरी सोको सक्कलै भौचर तथा गाउँपालिकामा परिक्षा दस्तुर वापत जम्मा गरेको नगदी रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ ।

अन्य :

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ ।

...........................
(उज्जवल आनन्द)
प्रमुख प्रशासकीय अधिकृत